कार्यपालिका बैठक संख्या :- ७१
बैठक मिति :- २०७६।११।१०

निर्णय नं. १

मिति २०७६ साल माघ २३ गते देखि ३५ दिनको तीर्थयात्राका लागि गएका तीर्थयात्रीहरु सवार बस यही फागुन ८ गते बिहानै भारतको सलेम–बैंगलोर राष्ट्रिय राजमार्गमा दुर्घटना भएको दुःखद खबरले हामीलाई पिडा बोध भएको छ । उक्त दुर्घटनामा परी इटहरी वडा नम्वर १० का बासिन्दाहरु (वीर वहादुर राई, टिकाराम चौधरी, रसिलाल चौधरी, गोपाल तामाग, फूलसरी चौधरी र वुधनी देवी चौधरी गरि ६ जना सहित १० जना) को दुर्घटनामा ज्यान गएको खवरले सिङ्गो कार्यपालिका स्तब्ध भएको छ । यस दुःखद र पिडादायी क्षणमा मृतक प्रति भावपूर्ण श्रद्धाञ्जली र मृतकका परिवारजन प्रति गहीरो समवेदना ब्यक्त गर्दै उक्त घटनाका घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना सहित मृतकको पार्थिव शरिर इटहरी ल्याउने ब्यवस्था मिलाइदिनका लागि र घाइतेको उपचारका लागि संघीय सरकार र प्रदेश सरकार सँग माग गर्ने र इटहरी उपमहानगरका तर्फवाट मृतकका परिवारलाई यथोचित राहत उपलब्ध गराउने निर्णय गरियो ।